

पावर हाउस बन्ने स्थान

# तल्लो खारे खोला जलविद्युत खबर

पौष २०७३, अंक २

## आयोजनाको हालको निर्माण अवस्था

आयोजनाको हेडवर्कस स्थल सम्म पुग्ने पुरानो बाटो लाई परिवर्तन गरि २५० मिटर लामो नयाँ बाटो खोलिएको छ र स्थानीय सरोकार समितीले आयोजना स्थलको प्रवेशमार्ग चौडाई गर्ने कार्य गरिरहेको छ । यसले आयोजनाको पेनस्टक पाइप राख्ने कार्य गर्न सहज हुनेछ । पेनस्टक पाइपलाइनको सिभिल संरचना र हाईड्रोमेकानिकलको ठेकेदार छनोट गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । प्रोफेश्नल नेटवर्क फर इन्जिनियरिङ्ग सर्भिस प्रा. लि. ले आयोजना स्थलमा  निर्माण सुपरिवेक्षणको लागि आयोजना स्थल अवलोकन गर्ने कार्य गरिरहेको छ । सिभिल ठेकेदार बस्ने क्याम्प हाउस बनिसकेको छ ।

खारे खोलामा बन्दै गरेका जलविद्युत आयोजनाहरु र त्यहाँको स्थानिय बासिन्दाहरुको स्वामित्वमा सरोकार समिती गठन गरिएको छ । उक्त सरोकार समितिले आयोजना र त्यहाँको स्थानिय बासिन्दाहरु बीच समन्वय गरि आयोजनाहरु विना अवरोध सञ्चालन र निर्माण गर्न सहयोग गर्नेछ । आयोजनाको पेनस्टक पाइप निर्माण गर्नको लागि आवश्यक स्टील प्लेट खरिद गर्नको लागि अन्तिम चरणको छलफल भईरहेको छ । आयोजनाको पावर हाउस स्थल समथर बनाउने कार्य सकिएको छ ।



ग्याबियन वाल लगाउने तयारी



नयाँ बाटो खोलिएको



हेडवर्कसको कार्य थालनी

२२०V को तार र पोल हटाउन गुरुम्फि लघुजलविद्युत सहकारी संस्था संग सम्झौता गरिएको । यस्तै जोगुम सामुदायिक वन उपभोक्ता समिती संग उक्त सामुदायिक वनमा अवस्थित यस जलविद्युत आयोजनाको पाइप लाईन पर्ने भएकोले उक्त सामुदायिक वनको जग्गा भोगचलनको लागि समझदारी गरिएको छ ।

यस कम्पनीले भाडामा लिएको करिब ३० रोपनी जग्गामा जाने प्रवेशमार्ग खनिएको छ र उक्त भाडामा लिइएको जग्गा समथर पार्ने काम सुरु गरिएको छ । त्यस भाडामा लिइएको जग्गा यस जलविद्युत आयोजनालाई आवश्यक पर्ने सामानहरु भण्डारण र पाइपलाई बनाउने कार्य गर्न उपयोग गरिने छ । हेडवर्कसको निर्माण कार्य सुरु गर्न सर्वेक्षण गरिएको छ र डिस्यान्डर बेसिनको फाउन्डेशन खन्ने काम सुरु गरिएको छ ।



सार्वजनिक सुनुवाई



आयोजना स्थल अवलोकन गरिदै



फराकिलो गराइएको बाटो

UNIVERSAL POWER COMPANY LTD.

**सम्पादक: पार्वती पराजुली**

**युनिभर्सल पावर कम्पनी लिमिटेड**

त्रिपुरेश्वर ,काठमाडौं

फोन नः ९७७-१-४१०१०९७, ४२५१४६३,

ईमेल : lowerkhare_upcl@chf.com.np

वेबसाइट : www.universalpowercompany.com.np